मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विनियोजित आ.व. २०७९/८० को बजेटः समीक्षा सहितको

# वकालत पत्र




AATWIN

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**
बबरमहल, काठमाडौं, नेपाल

प्रकाशकः

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)
Alliance Against Trafficking in Women and Children in Nepal (AATWIN)
बबरमहल, काठमाडौं, नेपाल

सहयोग : युनिसेफ, नेपाल

प्रति : ५००
प्रकाशन मिति : २०८०, बैशाख
सर्वाधिकारः प्रकाशकमा

## पृष्ठभूमि:

मानव बेचबिखन तथा ओसारपसार एक निकृष्ट रूपको मानव अधिकार हनन् एवम् जघन्य अपराध हो । यस प्रकारको अपराधबाट बढी संख्यामा महिला र बालबालिकाहरू प्रभावित भएको कुरा विभिन्न तथ्य/तथ्याङ्क र उनीहरूको अनुभवबाट प्रष्ट हुन्छ । मानव बेचबिखन तथा ओसारपसारसँग लैङ्गिक हिंसा, विशेष गरी महिला र बालबालिकामाथि हुने यौनहिंसा, निकृष्ट प्रकारका बालश्रम शोषण, व्यक्तिमाथि हुने दासत्व पूर्ण व्यवहार जस्ता सवालहरूको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ ।

संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएको नाताले नेपालले पनि महिला तथा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने अन्तर्राष्ट्रिय र सार्क स्तरका विभिन्न महासन्धि, अनुबन्ध र तिनका इच्छाधीन आलेखहरूलाई अनुमोदन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणप्रति आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता जाहेर गरेको छ । यिनै प्रतिवद्धता अनुरुप राष्ट्रिय स्तरमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को कार्यान्वयनको माध्यमबाट यो समस्या समाधानका लागि नेपाल क्रियाशील रहेको छ । तथापि मानव बेचबिखन तथा ओसारपसार, बालश्रम शोषण, लैङ्गिक हिंसाको प्रकृति दिनानुदिन परिवर्तित हुँदै गएकाले यसको नियन्त्रण चुनौतिपूर्ण बन्दै गैरहेको छ । यसका लागि स्थानीय, प्रदेश, संघीय सरकार लगायत नागरिक समाज तथा अन्तर्राष्ट्रिय संघ संस्था एवं संयन्त्रहरूको एकीकृत र समन्वयात्मक प्रयासको आवश्यकता छ ।

मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराध नियन्त्रणका लागि राज्यले तर्जुमा गरेका नीति, कार्यक्रम तथा कानुनहरूको कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारहरूबाट गरिएका पहलहरूको बारेमा सरोकारवालाहरु सुसूचित हुनु पर्दछ । यसका लागि विशेषतः सबै तहका सरकारको नीति कार्यक्रम तथा बजेटको पुनरावलोकन तथा समीक्षा गर्नु अति आवश्यक हुन्छ । साथै नेपाल सरकारले आफ्ना अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा नेपालको संविधान २०७२ मा उल्लेख गरिएका प्रतिबद्धतालाई मूर्त रूप दिन गरिएका प्रयासहरूबाट अपेक्षित उपलब्धि हासिल गर्नका लागि राज्यले गरेको नीति, कार्यक्रम तथा बजेटको व्यवस्था गरेको हुन्छ । मानव बेचबिखन तथा बाल श्रम शोषण नेपालको महत्वपूर्ण समस्या रहेकोले यसमा नीतिगत, कार्यक्रमिक तथा आवश्यक बजेटको व्यवस्था हुनु आवश्यक छ । यसका लागि राज्यलाई आवश्यक सुझाव, निगरानी एवं खबरदारी गर्नु नागरिकको दायित्व र अधिकार पनि हो ।

यसै पृष्ठभूमिमा महिला तथा बालिबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)ले आफ्ना स्थानीय तहमा कार्यरत सदस्य संस्थाहरूको संयुक्त प्रयासमा महिला तथा बालबालिका

बेचबिखन तथा ओसारपसार, बालश्रम शोषण, लैङ्गिक हिंसा नियन्त्रणका लागि तीनै तहका सरकारको नीति, कार्यक्रम तथा बजेटको समीक्षा गरी आवश्यक सुझाव मार्फत राज्यले हासिल गर्न खोजेको लक्ष्य प्राप्तिका लागि भूमिका निर्वाह गर्ने उद्देश्यका साथ यो समिक्षा सहितको वकालत पत्र तयार गरेको छ ।

## उद्देश्य

- संघीय, प्रादेशिक तथा केही स्थानीय सरकारहरूसँग मानव बेचबिखन, बालश्रम शोषण तथा लैङ्गिकतामा आधारित हिंसाको विषयमा विद्यमान नीति तथा कार्यक्रमबारे जानकारी संकलन गर्नु,
- संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरूसँग मानव बेचबिखन, बालश्रम शोषण तथा लैङ्गिकतामा आधारित हिंसा विषयमा विनियोजित बजेटको विश्लेषण गर्नु,
- गैरसरकारी संस्थाहरू तथा सरोकारवालाहरूलाई मानव बेचबिखन तथा ओसारपासार, बालश्रम शोषण तथा लैङ्गिक हिंसाको अन्त्यका लागि बजेट विनियोजन गर्नको लागि सरकारसँग वकालत र पैरवीको लागि दस्तावेज तयार गर्नु ।

## बजेट समीक्षाबाट प्राप्त सूचना तथा तथ्याङ्क

**संघीय सरकारको नीति तथा कार्यक्रम तथा बजेट वक्तव्य २०७९/८०[1] मा उल्लेखित मुख्य बुँदाहरू**

| नीति तथा कार्यक्रममा उल्लेखित महत्वपूर्ण विषयगत बुँदाहरू | बजेट वक्तव्यमा उल्लेखित महत्वपूर्ण विषयगत बुँदाहरू |
|---|---|
| **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण** | **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण** |
| • वैदेशिक रोजगार सूचना प्रणालीको स्तरोन्नति, ठगी नियन्त्रण, स्थानीय तहमार्फत मनोसामाजिक परामर्श सेवा, बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा निजको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवा स्थानीय तहमार्फत प्रभावकारी बनाउने । | • वैदेशिक रोजगार सम्बद्ध सेवाहरू अनलाइन प्रणाली मार्फत प्रदान गर्ने, काठमाडौं बाहिरका सबै श्रम तथा रोजगार कार्यालयहरूबाट अनलाइन प्रणालीबाट श्रम स्वीकृति सेवा उपलब्ध गराउने ।<br>• श्रमिकको गन्तव्य, कामको किसिम, पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी विषयमा डिजिटल माध्यमबाट अग्रीम जानकारी दिने व्यवस्था, टेलीमेडिएसन सेवा प्रवाह । |

(१) नेपाल सरकारको नीति तथा कार्यक्रम, आर्थिक बर्ष वक्तव्य २०७९/८०, नेपाल सरकार, २०७९

| नीति तथा कार्यक्रममा उल्लेखित महत्वपूर्ण विषयगत बुँदाहरू | बजेट वक्तव्यमा उल्लेखित महत्वपूर्ण विषयगत बुँदाहरू |
|---|---|
| ● विदेशमा नेपालीको हकहित संरक्षण, समस्यामा परेकालाई सहयोग प्रभावकारी बनाउने, कन्सुलर सेवालाई सरल, सहज र पहुँच योग्य बनाउन स्थानीय तहसँगको सहकार्य थप विस्तार गर्ने । | ● कार्यस्थलमा भेदभाव तथा हिंसा हुन नदिने, समान कामका लागि समान पारिश्रमिकको सिद्धान्तको प्रभावकारी कार्यान्वयन, श्रम अडिटलाई व्यवस्थित र प्रभावकारी बनाई श्रमिकको हक, हित, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा, न्यूनतम पारिश्रमिक र श्रम कानुनको परिपालन सुनिश्चित गर्ने । |
| **बालश्रम शोषण नियन्त्रण** | **बालश्रम शोषण नियन्त्रण** |
| ● प्रदेश तथा स्थानीय तहसँगको साझेदारी, सहयोग र समन्वयमा बालबालिकाको हक अधिकार सुनिश्चित, हिंसामा परेका लाई आवश्यकताको आधारमा विशेष संरक्षण, पुनःस्थापना केन्द्र, सुदृढ बाल सुधार गृह सञ्चालन तथा प्रभावकारी बाल न्याय प्रणालीको स्थापना । | ● बालश्रम निवारण कार्ययोजना २०७५-८५ को प्रभावकारी कार्यान्वयन, क्रमशः सबै स्थानीय तहलाई बालश्रम मुक्त घोषणा, दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरूको हित रक्षाका लागि काममा लगाउने पक्ष र श्रमिकको बिच करार गर्नुपर्ने व्यवस्था । |
| ● संघ, प्रदेश, स्थानीय तह एवं निजी क्षेत्रको समन्वय र सहकार्यमा बाल श्रमिक उद्धार, पुनःस्थापना, पुनर्मिलन तथा अनिवार्य श्रम अडिट । | ● सडक मानव एवं सडक बालबालिका मुक्त नेपाल अभियानलाई निरन्तरता, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा विस्तार, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण तथा पुनर्स्थापनामा प्रभावकारिता, तनहुँको ढकालटारमा बालसुधार गृहको निर्माण । |
| **लैङ्गिक हिंसाको अन्त्य** | **लैङ्गिक हिंसाको अन्त्य** |
| ● राज्यका आधारभूत तहमा महिला र दलितको समानुपातिक प्रतिनिधित्व सुनिश्चितता । | ● घरेलु हिंसा र यौनहिंसा पीडितलाई अस्थायी आवास सुविधा र कानुनी सहयोग उपलब्ध गराउन आवश्यक बजेट विनियोजन । |
| ● प्रभावकारी राष्ट्रपति महिला उत्थान कार्यक्रम । | ● लैङ्गिक बजेटको प्रभावकारी कार्यान्वयन, लैङ्गिक असमानता सूचाङ्कमा सुधार ल्याउन लैङ्गिक |

| नीति तथा कार्यक्रममा उल्लेखित महत्वपूर्ण विषयगत बुँदाहरू | बजेट वक्तव्यमा उल्लेखित महत्वपूर्ण विषयगत बुँदाहरू |
|---|---|
| • महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने हिंसा, शोषण, दुर्व्यवहार, र भेदभाव अन्त्यका लागि लैङ्गिक उत्तरदायी शासन प्रणाली संस्थागत ।<br>• हिंसा पीडितको तत्काल उद्धार, पुनःस्थापना र परिवार पुनर्एकीकरण तथा आर्थिक सशक्तीकरण । | मूलप्रभावहीकरणका कार्यक्रमहरू सञ्चालन, लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीति तथा अभियोजन र कारवाहीमा तीव्रता, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूका सम्बन्धमा समाजमा रहेको भ्रम हटाउन विशेष कार्यक्रम।<br>• पारिवारिक हिंसा र कार्यस्थलमा हुने हिंसालाई कम गर्न टोल फ्री नम्बर र गुनासो सुनुवाईका लागि प्रभावकारी संयन्त्र, भिडभाड हुने सार्वजनिक स्थलमा प्रहरी महिला सेल र २४ घण्टा खुला, हेल्पलाइन स्थापना । |

## कूल बजेटबाट सम्बन्धित निकायहरूलाई विनियोजन गरिएको बजेट तथा त्यसको प्रतिशत

| मन्त्रालय/आयोग | कूल रकम (रु. लाखमा) | | |
|---|---|---|---|
| संघीय सरकार | १,७९,३८,३७३ | कार्यक्रम | कूल रकम |
| राष्ट्रिय मानव अधिकार आयोग | २५,८४ | व्यवसायिक तथा मनोरञ्जनात्मक क्षेत्रहरूमा कार्यरत श्रमिकहरूको अवस्था तथा मानव बेचबिखनको जोखिमका सम्बन्धमा अध्ययन, सर्वेक्षण तथा अनुगमन । | २,५०,००० |
| राष्ट्रिय महिला आयोग | ९९४ | मानव बेचबिखनविरुद्ध कुनै ठोस कार्यक्रम उपलब्ध नभएको | ० |
| महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १,७८,४३ | मानव बेचबिखनविरुद्ध, लैङ्गिक हिंसा विरुद्ध, महिला ससक्तिकरण । | ३,६०,००,००० |
| श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ९,१२,१२ | बालश्रम तथा व्यवसायिक जन्य सुरक्षा | ४६३,००,००० |

## प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट २०७९/८०[२]

**नीति तथा कार्यक्रम : उल्लेखित महत्वपूर्ण विषयतग बुँदाहरू**

### कोशी प्रदेश

- सामाजिक न्याय, समानता एवं समावेशिता कायम गर्न मूलप्रवाहीकरण गर्दै विकासको लाभांशमा महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत, अल्पसंख्यक तथा विपन्न वर्गको पहुँच अभिवृद्धि गरिनेछ ।

**नोट**: दस्तावेजहरूको पुनरावलोकन गर्ने क्रममा मानव बेचबिखन तथा ओसारपसार, बालश्रम शोषण सम्बन्धी बुँदा स्पष्ट उल्लेख गरिएको भेटिएन ।

### मधेश प्रदेश

- शैया विस्तार र विशिष्टीकृत सेवा मार्फत एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) प्रभावकारी सञ्चालन ।
- सामाजिक रूपान्तरण तथा लैङ्गिक सशक्तीकरणका लागि मुख्य मन्त्री बेटी पढाऔं, बेटी बचाऔं अभियान ।
- सुरक्षित बेटी अभियान, बाल हिंसा, महिला हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रम प्रहरी, स्थानीय तह तथा विद्यालयहरूसँग सहकार्यमा सञ्चालन (बजेट वक्तव्यबाट)

**नोट**: दस्तावेजहरूको पुनरावलोकन गर्ने क्रममा मानव बेचबिखन तथा ओसारपसार, बालश्रम शोषण सम्बन्धी बुँदा स्पष्ट उल्लेख गरिएको भेटिएन ।

### बागमती प्रदेश

- मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिको उद्धार, पुनर्स्थापना तथा पुनर्मिलनका लागि संघीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने ।
- बालबालिका तथा युवा लक्षित लागू औषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा लैङ्गिक हिंसा, घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, बालविवाह, मानव बेचबिखन र विद्युतीय अपराध विरुद्ध सचेतना जगाउन हाम्रो ध्यान, युवा सचेतना अभियान सञ्चालन
- लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको लागि उद्धार, राहत, मनोसामाजिक परामर्श सेवा र पुनर्स्थापना र सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन, विद्यालयहरूमा लैङ्गिक हिंसाविरुद्धको चेतना तथा किशोरावस्था लक्षित कानुनी सचेतना कार्यक्रम सञ्चालन ।

---

(२) उल्लेखित सातै प्रदेशहरूको वेवसाइटमा सार्वजनिक गरिएका नीति, कार्यक्रम तथा बजेट वक्तव्य (आर्थिक वर्ष २०७९/८०) दस्तावेजहरूबाट ।

## गण्डकी प्रदेश

- लैङ्गिक सशक्तीकरण, समानता, समावेशिता र सामाजिक न्याय ।
- स्थानीय तहसँग सहकार्य गरी बालअधिकारको सुनिश्चितता, जोखिममा रहेका बालबालिकाको उद्धार, संरक्षण तथा हक अधिकार सुनिश्चितताको लागि संरचना र कार्यक्रमद्वारा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने ।
- लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीति लिई लैङ्गिक हिंसा, बालविवाह, सामाजिक कुरीति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको लागि सचेतना, क्षमता विकास, मूलप्रवाहीकरण कार्यक्रम, लैङ्गिक हिंसा एवं मानव बेचबिखन तथा ओसारपसार, जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरूको उद्धार, दीर्घकालिन/अल्पकालिन संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गर्ने ।
- लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकालाई एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत एवं विपद्मा परेको घाइतेलाई विशेष प्राथमिकता दिई प्रभावकारी स्वास्थ्य तथा परामर्श सेवा प्रदान ।
- महिला र बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम मार्फत आर्थिक र सामाजिक अवस्था सुदृढीकरणका लागि सीपमूलक तथा व्यवसायिक तालिम । (बजेट वक्तव्यबाट)

## लुम्बिनी प्रदेश

- मानव बेचबिखन तथा घरेलु हिंसा पीडितको सुरक्षा र संरक्षण, मनोसामाजिक परामर्श र उद्धार संयन्त्र, पुनर्स्थापना केन्द्र र सेवा केन्द्रहरूको सञ्चालनमा निरन्तरता ।
- लैङ्गिक तथा घरेलु हिंसा, मानव बेचबिखन पीडित/प्रभावित, विपद् लगायत अन्य जोखिममा परेका महिलाहरूको तत्काल संरक्षण र सुरक्षाका लागि स्थानीय तहमा सुरक्षित आवास गृह निर्माण एवं सञ्चालन गर्न सहयोग र समन्वय ।
- बालगृह, बालसुधार गृह, निगरानी कक्ष, अस्थायी संरक्षण सेवा रहेका बालबालिकाको खानपान, स्वास्थ्य तथा सुरक्षाको प्रबन्ध एवं बालविवाह, बालश्रम, बालबालिका विरुद्धको हिंसा, बालयौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैरकानुनी ओसारपसार नियन्त्रणका लागि विशेष कार्यक्रम सञ्चालन ।
- आपतकालिन बाल उद्धार, संरक्षण तथा महिला श्रमिक, कर्मचारीहरूका बालबालिकाका लागि दिवा शिशु स्याहार केन्द्र सञ्चालन, असहाय, अनाथ र सडक बालबालिकाको लागि आवासीय विद्यालयमा छात्रवृत्ति, कपिलवस्तुमा सहाराविहीन बालबालिकाको संरक्षण, विकास गर्न प्रदेशस्तरीय आवासीय बालग्राम निर्माण ।

- बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गता र जेष्ठ नागरिक मैत्री प्रदेशका रूपमा विकास गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण, लैङ्गिक बजेट तथा लैङ्गिक परीक्षण नीति र कार्यक्रम सञ्चालन ।
- लैङ्गिक हिंसा रोकथाम, नियन्त्रणका लागि लैङ्गिक हिंसामुक्त प्रदेशको अवधारणा अनुरुप कार्यक्रम तर्जुमा र कार्यान्वयन, बेसहारा महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अति विपन्नहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन ।
- हिंसा प्रभावित महिलाहरूका लागि संघ तथा स्थानीय तहसँगको समन्वयमा एकीकृत सेवा सहितको पुनर्स्थापना केन्द्र निर्माण, एकीकृत सेवा, पुनर्स्थापना कोष स्थापना तथा प्रादेशिक लैङ्गिक समानता नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

## कर्णाली प्रदेश

- बालविवाह, बहुविवाह, जातीय छुवाछुत/भेदभाव, मानव बेचबिखन तथा ओसारपसार, अन्धविश्वास र छाउपडी जस्ता सामाजिक कुरीति/कुप्रथा अन्त्य गर्न स्थानीय तह, गैरसरकारी संघ संस्थासँग सहकार्य गर्ने ।
- शान्ति सुरक्षा सुदृढ बनाउन मानव बेचबिखन, घरेलु हिंसा, लागू औषध दुर्व्यसनी जस्ता अपराधको मुलकारण पहिचान र निदानका लागि अध्ययन, अनुसन्धान गर्ने ।
- हिंसा पीडित महिला, बालबालिकाहरूको उद्धार, पुनर्स्थापना र संरक्षणका लागि सुरक्षित गृह कार्यक्रम सञ्चालन, असहाय/एकल महिलाहरूलाई उमेर अनुसार शिक्षा र स्वरोजगार उन्मुख सीपमूलक तालिम सञ्चालन । (बजेट वक्तव्यबाट)

## सुदुरपश्चिम प्रदेश

- बेचबिखनमा परेका र अन्य यातना पीडितलाई उद्धार, पुनर्स्थापना गर्न गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा पुर्स्थापना केन्द्र सञ्चालन ।
- जातीय विभेद, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानव बेचबिखन र विद्युतीय अपराध विरुद्ध सचेतनामूलक कार्यक्रम ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, बालश्रम निवारण गुरु योजना र श्रम तथा रोजगार प्रर्वद्धन नीतिको तर्जुमा साथै बालविवाह, लैङ्गिक हिंसा, छाउपडी, बोक्सी, छुवाछुत जस्ता सामाजिक कुरीति/अन्धविश्वास विरुद्ध एकीकृत सामाजिक रूपान्तरण अभियान सञ्चालन ।
- हिंसा पीडित महिलाको संरक्षण, कानुनी परामर्श, पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाको लागि अल्पकालिन सेवा केन्द्र थप व्यवस्थित, विभिन्न निकायसँगको साझेदारीमा सडकमा रहेका बेसहारा/असहाय नागरिक तथा बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरी प्रदेशलाई **सडक मानवमुक्त** बनाउने ।

## स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेट[३]

| नीति तथा कार्यक्रममा उल्लेखित महत्वपूर्ण विषयतग बुँदाहरू |
|---|
| **मधेश प्रदेश** |
| **कलैया उप–महानगरपालिका, बारा**<br>• बालबालिकाको हक अधिकार संरक्षण र सर्वोत्तम हितलाई प्राथमिकता दिने ।<br>• नगर भित्रका टुहुरा असहाय बालबालिकाहरूलाई निःशुल्क आवास र अध्ययनको व्यवस्था गर्ने ।<br>• दाइजो प्रथा, बालविवाह र महिला हिंसासम्बन्धी व्यवहार परिवर्तनको लागि तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>• महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति तथा तेस्रो लिङ्गी विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने ।<br>• लैङ्गिक समानता तथा बालबालिका सशक्तीकरण कायम गर्ने ।<br>• महिला विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, न्यायमा पहुँच र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने । |
| **मलंगवा नगरपालिका, सर्लाही**<br>कुनै पनि कार्यक्रम उल्लेख गरिएको छैन । |

(३) उल्लेखित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकाको वेवसाइटमा सार्वजनिक गरिएका नीति, कार्यक्रम तथा बजेट वक्तव्य (आर्थिक वर्ष २०७९/८०) दस्तावेजहरूबाट ।

**गौर नगरपालिका, रौटहट**

- समाजमा महिला विरुद्ध हुने विभेद अन्त्य र महिलाहरूको आत्मसम्मान तथा सशक्तीकरणको लागि मेयरसँग महिला कोशेली कार्यक्रम सञ्चालन गर्ने ।
- पीडित महिला तथा बालबालिकाहरूको लागि आश्रय स्थल भवन निर्माण गर्ने ।

**वीरगञ्ज महानगरपालिका, पर्सा**

**महिला तर्फः**

- खुल्ला सिमानाका कारण महिला तथा किशोरीहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतना अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- घरेलु हिंसा तथा लैङ्गिक हिंसा निराकरण गर्न महिला, पुरुष, श्रीमान्, श्रीमतीलाई समविकास कार्यक्रम सञ्चालन गर्ने ।
- महिला तथा किशोरीहरूका लागि नगर कार्यपालिकाको कार्यालयमा हेल्प डेस्कको स्थापना गर्ने ।
- जोखिममा परेका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उद्धार तथा व्यवस्थापनका लागि पुनर्स्थापना केन्द्र निर्माणमा जोड दिने ।

**बालबालिका तर्फ :**

- महानगरपालिका भित्र पूर्ण बालश्रम मुक्त अभियान सन्चालन गर्ने ।
- सडक बालबालिका, ईंटा उद्योग, कलकारखानाहरूमा काम गर्ने बालबालिकाका साथै जोखिममा परेका बालबालिकाको अनुगमन गर्ने, तिनीहरूको पहिचान गरी संरक्षण र घरपरिवारमा पुनर्मिलन गराउने कार्यलाई जोड दिने ।
- बाल विवाह मुक्त वडा घोषणालाई निरन्तरता दिइने र घोषणा भएका वडाहरूमा अनुगमन गर्ने ।
- वीरगञ्ज महानगरपालिकामा बाल हेल्पलाइनको व्यवस्था गर्ने ।

## लुम्बिनी प्रदेश

**नेपालगञ्ज उप–महानगरपालिका, बाँकेः**

- हिंसा पीडितको तत्काल उद्धार, पुनःस्थापना र परिवारमा पुनःएकीकरण तथा आर्थिक सशक्तीकरणलाई थप प्रभावकारी बनाउन सामुदायिक संरक्षण प्रणालीको आत्मसात गरी प्रभावकारी अभिलेखीकरण गरिनेछ ।

- लैङ्गिक हिंसा, बालविवाहको जोखिम एवं विशेष संरक्षणको आवश्यकता रहेका गरिब तथा विपन्न परिवारका बालिकालाई शिक्षामा निरन्तरता र सुरक्षित भविष्य निमार्णका लागि बालिका शिक्षा तथा बालविवाह न्यूनीकरणका लागि मुद्दती खाता योजना कायक्रमलाई निरन्तरता दिइनेछ ।

**कृष्णनगर नगरपालिका, कपिलबस्तु**

- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा लागु पदार्थ ओसारपसार दुर्व्यसन र विकृति न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालबालिकाको बचाउ, विकास, संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान सञ्चालन गर्ने ।
- लैङ्गिक समानता, महिला सशक्तीकरण, लैङ्गिक हिंसा निवारण, बालविवाह तथा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**सिद्धार्थनगर नगरपालिका, रुपन्देही**

- महिला, बालबालिका, अन्य लक्षित समुदाय कार्यक्रम तथा छुवाछुत न्यूनीकरण कार्यक्रम ।
- सरकारी तथा गैरसरकारी निकायको सहयोगमा बालबालिका पुनर्स्थापना केन्द्र सञ्चालन ।
- बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथाको रोकथाम, घरेलु हिंसाको अन्त्यका लागि नागरिक समाजसँग सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन ।

**पाल्हीनन्दन गाउँपालिका, नवलपरासी**

कुनै पनि कार्यक्रम उल्लेख गरिएको छैन ।

## सुदुरपश्चिम प्रदेश

**धनगढी उप-महानगरपालिका, कैलाली**

**सामाजिक विकास तथा समाजकल्याण नीति**

- लैङ्गिक हिंसामा परेका, अतिविपन्न, असहाय, महिला, गर्भवती महिला, सुत्केरी, एकल महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रूपले बञ्चितीकरणमा परेकाहरूलाई सहायता, संरक्षण, उद्धार गरी मूलप्रवाहीकरण गर्ने नीति नगरको मुख्य सामाजिक विकास नीतिको रूपमा रहनेछ ।

**जेष्ठ नागरिक, महिला बालबालिका, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति तथा लोककल्याण कार्यनीति**

- पारिवारिक संरक्षणबाट बञ्चित बालबालिकाहरूको संरक्षण गर्ने क्षेत्रमा कार्यरत संघ संस्थालाई प्रोत्साहन गरिनेछ। साथै बालश्रम मुक्त नगर निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।
- प्रत्येक टोलमा निगरानी समूह सहितका महिला विकास समितिहरू गठन एवं विस्तार गर्ने कार्यलाई निरन्तरता दिंदै त्यस्ता समिति र संस्थाहरूको सामाजिक सशक्तीकरण र व्यवसायिक क्षमता विकासमा जोड दिने।
- लैङ्गिक हिंसामा परेकाहरूलाई पुनर्स्थापना केन्द्रमा अस्थायी रूपमा आश्रय दिई उनीहरूको क्षमता विकास गरी स्वरोजगार मूलक कार्यमा सहभागी गराउने एवं परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैरसरकारी संघ/संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।
- लैङ्गिक संवेदनशीता विकासका लागि मानवीय मूल्य प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्ने। साथै लैंङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिने।
- सामाजिक विकृति, कुप्रथाहरू न्यूनीकरणका लागि सचेतीकरण कार्यक्रमहरूलाई निरन्तरता दिंदै सकारात्मक सामाजिक अगुवा निर्माण कार्यक्रम सञ्चालन गर्ने। साथै घरेलु हिंसा न्यूनीकरण गर्न निगरानी समूह, आमा समूह, टोल विकास समितिहरू परिचालित गर्ने नीति लिने।
- हिंसामा परेका महिलाहरूको अल्पकालिन आश्रय स्थलका रूपमा सञ्चालित सेफ हाउसको सेवा प्रवर्द्धन गर्न सरकारी र गैरसरकारी संस्थाहरूसँग निरन्तर समन्वय गरिनेछ र यसका लागि बजेटको सुनिश्चितता गरी लैङ्गिक हिंसा निवारण कोष परिचालनमा जोड दिइनेछ।
- विपद्मा परेका बालबालिकाहरूको संरक्षण र शिक्षाको व्यवस्था गर्ने र आर्थिक अवस्था कमजोर बालबालिकाका अभिभावकको व्यवसायिक क्षमता विकास गरी आर्थिक मूलप्रभावहीकरण गरिनेछ।

**भीमदत्त नगरपालिका, कञ्चनपुर**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कोष स्थापना गरी सञ्चालनमा ल्याइनेछ।
- नगर क्षेत्रमा रहेका बालसुधार गृह तथा पुनर्स्थापना केन्द्रको सुदृढीकरण तथा उचित व्यवस्थापनका लागि सहयोग गरिनेछ।

- बालश्रम र बालविवाह मुक्त नगरपालिका बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ। बालश्रम निवारण कोष स्थापना तथा सञ्चालन गरिनेछ।
- आश्रय स्थलको खोजीमा रहेका हिंसा पीडित महिला तथा बालबालिकालाई सुरक्षित आश्रय स्थलका लागि सञ्चालित अल्पकालिन सेवा केन्द्रलाई थप व्यवस्थित गरिनेछ।
- लैङ्गिक, घरेलु तथा सामाजिक हिंसा कम गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- घरेलु हिंसा, सामाजिक कुरीति लगायतका विसङ्गतिहरूको अन्त्यका लागि बहस पैरवी तथा चेतनामूलक अभियान सञ्चालन गरिनेछ।
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ।

**कृष्णपुर नगरपालिका, कञ्चनपुर**

- महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत महिला अधिकार, महिला हिंसा, बालबालिका माथि हुने विभिन्न हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम।
- घरेलु हिंसा तथा महिला सशक्तीकरण सम्बन्धी कानुनी साक्षरता अभिमुखीकरण कार्यक्रम।
- महिला तथा बालबालिकाको लैङ्गिक हिंसामुक्त नगर बनाउन विशेष कार्यक्रम सञ्चालन।
- लैङ्गिक हिंसा पीडित महिला तथा बालबालिकाको लागि सामुदायिक सेवा केन्द्रलाई प्रभावकारी बनाउने।
- लैङ्गिक हिंसामा परेकाहरूलाई व्यवस्थापन गर्न सेवा केन्द्र (Safe House) को भवन निर्माण गर्न सुरुवात।

## स्थानीय सरकारका क्रियाकलाप तथा विनियोजित बजेट

**माथि उल्लेखित स्थानीय तहका क्रियाकलापहरूका लागि निम्न अनुसार बजेट विनियोजन गरिएको छ :**

| स्थानीय सरकारका क्रियाकलाप तथा विनियोजित रकम | | |
|---|---|---|
| **सम्बन्धित विभाग/शाखा/वडा** | **कार्यक्रम** | **बजेट** |
| **मधेश प्रदेश** | | |
| **१. कलैया नगरपालिका, बारा : कूल बजेट रु. १,५०,४२,९८,०००** | | |
| सामाजिक सुरक्षा तथा पञ्जीकरण | ● लैङ्गिक हिंसाविरुद्ध | १,५०,००० |
| महिला बालबालिका तथा जेष्ठ नागरिक | विभागीय शीर्षकमा जम्मा रकम<br>● बाल अधिकार संरक्षण<br>● लैङ्गिक हिंसाविरुद्ध | १७,५०,०००<br>१०,५०,०००<br>१,५०,००० |
| वडास्तरीय विनियोजित रकम | ● मानव बेचबिखनविरुद्ध | ० |
| | ● बालश्रम शोषणविरुद्ध | ० |
| | ● लैङ्गिक हिंसाविरुद्ध | ३२,५०,००० |
| **२. मलंगवा नगरपालिका, सर्लाही : कूल बजेट रु. ८,७५,००,०००** | | |
| | ● महिला हिंसा पीडित कोष | २००,००० |
| **३. गौर नगरपालिका, रौतहट : कूल बजेट रु. ५४,२५,८८,०००** | | |
| लैङ्गिक समानता सामाजिक समावेशीकरण | बजेट विनियोजन गरिएको दस्तावेज नभएको | ० |
| **४. वीरगञ्ज महानगरपालिका, पर्सा : कूल बजेट रु. ३,३३,६३,२६,०००** | | |
| लैङ्गिक समानता सामाजिक समावेशीकरण | एकमुष्ठ रकम | ३,१९,२२,००० |
| महिला, बालबालिका, जेष्ठ नागरिक, केही वडाहरू तथा संघबाट हस्तान्तरित | ● मानव बेचबिखन विरुद्ध | ६,४५,००० |
| | ● बालश्रम शोषण विरुद्ध | ३२,५०,००० |
| | ● लैङ्गिक हिंसा विरुद्ध | ११,००,००० |

| लुम्बिनी प्रदेश | | |
|---|---|---|
| **५. नेपालगञ्ज, बाँके : कूल बजेट रु. १,७२,६१,७९,३७३.६३** | | |
| महिला, बालबालिका, जेष्ठ नागरिक तथा केही वडाहरू र संघबाट हस्तान्तरित | ● मानव बेचबिखन विरुद्ध | ५,७०,००० |
| | ● बालश्रम शोषण विरुद्ध | ५,८०,००० |
| | ● लैङ्गिक हिंसा विरुद्ध | २६,७०,००० |
| **६. कृष्णनगर नगरपालिका, कपिलवस्तु : कूल बजेट रु. ७,६२,४५,०००** | | |
| महिला, बालबालिका तथा सामाजिक न्याय | ● बजेट विनियोजन गरिएको दस्तावेज नभएको | ० |
| **७. सिद्धार्थनगर नगरपालिका, रुपन्देही : कूल बजेट रु. १,३४,५४,३५,०००** | | |
| लैङ्गिक समानता सामाजिक समावेशीकरण | विनियोजित रकम छुट्टै उल्लेख गरिएको छैन | |
| | ● मानव बेचबिखन विरुद्ध | २,२३,००० |
| | ● बालश्रम शोषण विरुद्ध | २०,००,००० |
| | ● लैङ्गिक हिंसा विरुद्ध | १२,०५,००० |
| **८. पाल्हीनन्दन गाउँपालिका, नवलपरासी : कूल बजेट रु. ५७,०३,१३,०००** | | |
| महिला विकास शाखा | क्रियाकलापमा बजेट विनियोजन गरिएको भएता पनि एकमुष्ठ छुट्याएर उल्लेख गरिएको छैन । | |
| महिला विकास शाखा, केही वडाहरू तथा प्रदेश र संघबाट प्राप्त | ● मानव बेचबिखन विरुद्ध | ९,००,००० |
| | ● बालश्रम शोषण विरुद्ध | १३,००,००० |
| | ● लैङ्गिक हिंसा विरुद्ध | १८,६०,००० |

| सुदूरपश्चिम प्रदेश | | |
|---|---|---|
| **९. धनगढी उपमहानगरपालिका, कैलाली : कूल बजेट रु. १,८३,८९,२४,000** | | |
| लैङ्गिक समानता सामाजिक समावेशीकरण | ● मानव बेचबिखन विरुद्ध | २,२३,000 |
| | ● बालश्रम शोषण विरुद्ध | ६0,000 |
| | ● लैङ्गिक हिंसा विरुद्ध | २0,00,000 |
| **१0. भीमदत्त नगरपालिका, कञ्चनपुर : कूल बजेट रु. १,८४,0२,0१,000** | | |
| लैङ्गिक समानता सामाजिक समावेशीकरण | ● लैङ्गिक हिंसा विरुद्ध कोष | ५,00,000 |
| लैङ्गिक समानता र समाज कल्याण, केही वडाहरू र नगरस्तरीय | ● मानव बेचबिखन विरुद्ध | १,५२,000 |
| | ● बालश्रम शोषण विरुद्ध | ५0,000 |
| | ● लैङ्गिक हिंसा विरुद्ध | ६,५0,000 |
| **११. कृष्णपुर नगरपालिका, कञ्चनपुर : ८७,८३,२४,000** | | |
| महिला विकास शाखा, केही वडाहरू | ● मानव बेचबिखन विरुद्ध | ५0,000 |
| | ● लैङ्गिक हिंसा विरुद्ध | १४,५0,000 |

**निष्कर्षः**

- मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्न नेपालले जनाएको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा लागू गर्ने क्रममा राज्यले मानव बेचबिखन विरुद्धको हकलाई मौलिक हकको रूपमा संवैधानिक सुनश्चितता प्रदान गरेको छ । यसका साथै यस सम्बन्धी विभिन्न नीति, कार्यक्रम, ऐन, नियम तथा निर्देशिकाहरूको तर्जुमा भई कार्यान्वयनको चरणमा रहेका छन् । यस सम्बन्धमा नेपाल सरकारले लिएको लक्ष्य प्राप्तिका लागि थप मद्दत पुऱ्याउन स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू पनि क्रियाशील रहेका छन् ।

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सरकारको आवधिक तथा वार्षिक नीति तथा कार्यक्रम अनुसार प्राप्त गर्न खोजिएको परिणामका लागि लैङ्गिक उत्तरदायी बजेट तर्जुमा मार्फत लक्ष्यमा पुग्ने प्रयास भएको देखिन्छ । यसका साथै, गैरसरकारी संघ संस्थाहरूसँगको साझेदारी र सहकार्यमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा केही न केही काम भइरहेकै छन् । तथापि, लैङ्गिक खाडल कम गर्न गरिएका प्रतिबद्धता र व्यवहारिक कार्यान्वयनका बिचमा भने ठूलै खाडल देखिन्छ । प्रथमतः मानव बेचबिखन तथा ओसारपसारको विषयले सरकारका नीति कार्यक्रममा प्राथमिकता पाएको छैन । साथै, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रणाली लागु गरिएको भएता पनि यसको मर्म अनुसार कार्यान्वयन भएको देखिन्न । अझ, आर्थिक बजेट हेर्ने हो भने त यसका लागीनाम मात्रको बजेट विनियोजित भएको देखिन्छ ।

- तथापि राज्यका तर्फबाट हाल भइराखेको प्रयासहरूलाई भने नकार्न सकिन्न । साथै, यस सम्बन्धमा राज्यले लिएका लक्ष्य प्राप्तिका लागि गैरसरकारी संघसंस्था तथा स्थानीय समुदायको योगदान पनि कम महत्वको छैन । त्यसकारण राज्यका प्रतिबद्धताहरू र भएका प्रयासहरूलाई मूल्याङ्कन गर्दै मानव बेचबिखन, बाल श्रम र महिला माथि हुने हिंसाको सवालहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्नका लागि तीनै तहको सरकारबाट नीति, कार्यक्रमका साथै पर्याप्त बजेट विनियोजन अत्यावश्यक छ ।

- विनियोजित बजेट र कार्यक्रममा लक्षित समूहका लागि सहज र सरल पहुँच नभएको ।

**गर्नु पर्ने आवश्यक मुख्य पहलहरूः**

- संघ, प्रदेश र स्थानीय तिनै तहको सरकार र सम्बन्धित आयोगहरूमा मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण तथा बालसंरक्षण सम्बन्धी नीति, कार्यक्रम तथा बजेटको अनिवार्य व्यवस्था हुनु पर्दछ ।

- मानव बेचबिखन तथा ओसारपसार र लैङ्गिक समानताको विषय महिला, बालबालिका

तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोगमा मात्र सिमित छैन । यी निकायका साथै गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय, कानुन तथा संसदीय मामिला मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समेत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संलग्न हुनेपर्ने कारण यी मन्त्रालयहरूमा समेत यस प्रयोजनका लागि बजेट सुनिश्चित गरिनुपर्दछ ।

- आर्थिक बर्ष २०७९/८० बजेटको अर्ध-बार्षिक मूल्याङ्कनमा विनियोजित बजेटमा २० प्रतिशत घटाएर पठाउने निर्णय भए अनुसार मिलान गर्न संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, बालश्रम शोषण तथा लैङ्गिक हिंसा विरुद्ध विनियोजित बजेट समायोजनको नाममा घटाउन हुदैन ।[४]
- जोखिममा रहेका पीडित तथा प्रभावितहरूको जीवनमा सकारात्मक प्रभाव पार्न सक्ने ढङ्गले सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र पालिकहरूमा एकिकृत कार्यक्रम सञ्चालन गर्न अनुमति दिंदा अल्पकालिन तथा सेवामुखी कार्यक्रमका साथै मानिसहरूको सोच, विश्वास, मूल्यमान्यता र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने अधिकारमुखी दीर्घकालिन कार्यक्रम ल्याउन प्रोत्साहन गर्नुपर्दछ ।
- राज्यले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं संविधानको मर्म अनुसार लैङ्गिक खाडल न्यूनीकरण, दिगो विकास लक्ष्य ५, ८, १० र १६ को प्राप्ति तथा कोही पछाडि नपरोस, कोही नछुटोस् (Leave No-one Behind-LNOB) को मर्म अनुसार संघ, प्रदेश र स्थानीय तहमा एकरुपता कायम भएको नीति, कार्यक्रम तथा बजेट सुनिश्चित गर्नु पर्दछ ।
- राष्ट्रिय नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गरिनु पर्दछ ।
- 'जसको सवाल उसको आवाज' भन्ने सिद्धान्तलाई आत्मसात गरी जोखिममा पर्न सक्ने तथा प्रभावितहरूलाई प्राथमिकता दिई कार्यक्रममा सहभागी गराउने, संगठित गर्ने, अर्थपूर्ण सहभागिता सहित उनीहरूको सरोकारका विषय तथा प्राथमिकताहरूलाई समेटेर कार्यक्रम निर्माण, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्नु पर्दछ ।

---

(४) आर्थिक बर्ष २०७९/८० को बजेटको अर्ध बार्षिक मूल्याङ्कनका सम्बन्धमा माननीय उपप्रधान मन्त्री तथा अर्थमन्त्रीले प्रतिनिधि सभाको बैठकमा गर्नु भएको सम्बोधन (नेपाल सरकार, अर्थ मन्त्रालय, २९ माघ२०७९)

- मानव बेचबिखनबाट प्रभावितहरूलाई जीवन उपयोगी सीप तथा तालिम तथा संगठित गरी आवश्यकता अनुसार सुरक्षित गृहको व्यवस्था सहित समाजमा आत्म सम्मानका साथ बाँच्न पाउने अधिकार सुनिश्चित गरिनु पर्दछ ।
- उपलब्ध भएको बजेटमा पनि कुन शीर्षकमा कति बजेट भनेर नछुट्याइएको हुनाले रोकथाम, संरक्षण, कानुनी सहयोग र क्षमता अभिवृद्धि आदिको लागि स्पष्ट गरी बजेट र कार्यक्रम छुट्याउनु पर्दछ ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग तथा राष्ट्रिय महिला आयोग आदिलाई उपलब्ध गराइएको बजेट मध्ये मानव बेचबिखन तथा ओसारपसार र लैङ्गिक समानताको सवाल सम्बोधनका लागि विनियोजित बजेट लक्षित समूहका लागि सहज पहुँचलाई सुनिश्चित गर्नु पर्दछ ।
- बजेट निर्माण गर्दा सम्बन्धित सरोकारवाला निकायहरूको सल्लाह सुझाव लिनु पर्दछ ।

**स्थानीय तहको बजेट निर्माण प्रक्रिया सम्बन्धी केही महत्वपूर्ण जानकारीहरू:**

| **चरणहरू** | | **समय सीमा** |
|---|---|---|
| चरण १ | बजेटको पूर्व तयारी | |
| | आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण सङ्घीय सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र |
| | संघ रप्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने । | चैत्र मसान्त भित्र |
| चरण २ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | वैशाख १० गते भित्र |
| चरण ३ | बस्ती तहका योजना छनौट | वैशाख मसान्त भित्र |
| चरण ४ | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण | जेष्ठ १५ गते भित्र |
| चरण ५ | बजेट तथा कार्यक्रम तर्जुमा | असार ५ गते भित्र |
| चरण ६ | गाउँ वा नगर कार्यपालिकाबा बजेट तथा कार्यक्रम स्वीकृति | असार १० गते भित्र |
| चरण ७ | गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति | |
| | बजेट तथा कार्यक्रम प्रस्तुति | असार १० गते भित्र |
| | बजेट तथा कार्यक्रम प्रस्तुति | असार मसान्त भित्र |

# एटविनका सदस्य संस्थाहरुको नामावली – वि.स.२०८० सम्म)

१. महिला पुनर्स्थापना केन्द्र (ओरेक नेपाल), ललितपुर
२. सिविन नेपाल, काठमाडौं
३. महिला आत्मनिर्भरता केन्द्र मेलम्ची, सिन्धुपाल्चोक
४. अनौपचारिक सेवा केन्द्र (इन्सेक), काठमाडौं
५ नारी सीप सृजना केन्द्र, मकवानपुर
६. शक्ति समूह, काठमाडौं
७. नेपाल ग्रामीण पुननिर्माण संस्था (आर.आर.एन), काठमाडौं
८. परिवर्तनका लागि कार्यरत महिला समूह (वाच), काठमाडौ
९. हिमालयन ह्युमन राईट्स मोनिटर्स (हिमराइट्स), ललितपुर
१०. समाज सेवा तथा मानवअधिकार मा महिला र बालबालिका (सिविस), काठमाडौं
११. नवज्योति केन्द्र, काठमाडौं
१२. यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल, काठमाडौं
१३. महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्र, काठमाडौं
१४. महिला हित समाज, काठमाडौं
१५. ग्रामीण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक
१६. टेका समूह नेपाल, काठमाडौं
१७. जागरण नेपाल, काठमाडौं
१८. मकवानपुर महिला समूह, मकवानपुर
१९. आवाज, सुर्खेत
२०. नारी उत्थान केन्द्र, काभ्रे
२१. संरक्षण नेपाल, बारा
२२. नारी उत्थान केन्द्र, कंचनपुर
२३. शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल, मकवानपुर
२४. बाल समाज नेपाल, मोरङ
२५. शक्ति मिलन समाज, काठमाडौं
२६. महिलाको निम्ति महिला मञ्च नेपाल, काठमाडौं
२७. विश्वास नेपाल, काठमाडौं
२८. आशा नेपाल, काठमाडौं
२९. साझा सवालका लागि साझा मञ्च (कोकन), काठमाडौं
३०. आफन्त नेपाल (के.आई.एन) नेपाल, ललितपुर
३१. चेन्ज नेपाल, काठमाडौं
३२. छोरी, ललितपुर
३३. सहभागी, चितवन
३४. चाइल्ड नेपाल, काठमाडौं
३५. सामाजिक सेवा केन्द्र, (सोसेक) नेपाल, दैलेख
३६. शुभ अवसर ग्राम नेपाल, काठमाडौं
३७. महिला संरक्षण केन्द्र, मकवानपुर
३८. चेतना अभिवृद्धि केन्द्र (क्याप) नेपाल, काठमाडौं
३९. जनज्योति युवा समाज, सर्लाही
४०. कुमुदिनी, काठमाडौं
४१. थ्री एन्जल्स नेपाल, कास्की
४२. शान्ति फाउन्डेसन, काठमाडौं
४३. परिवर्तनका लागि सहकार्य नेपाल, ललितपुर

# महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (नेपाल) को संक्षिप्त परिचय

**स्थापना** : सन् १९९७

**भिजनः**
मानव बेचबिखन रहित न्यायपूर्ण र समतामूलक समाजको स्थापना भएको हुनेछ ।

**मिसनः**
मानव बेचबिखनविरूद्धको अभियानलाई सशक्त रूपमा सञ्चालन गर्न देशभरी महिला अधिकार, मानव अधिकार र बाल अधिकारमा काम गर्ने संघसंस्थाहरूलाई संगठित तथा सशक्तिकरण गर्दै अन्तर्राष्ट्रिय सञ्जालहरूसँग हातेमालो गर्दै मानव बेचबिखन जस्तो जघन्य अपराध न्यूनिकरण गर्न पैरवी र वकालत गर्ने ।

**लक्ष्य**
मानव बेचबिखनसँग सम्बन्धित नीतिगत परिवर्तन र सचेतना अभियान सञ्चालन गर्दै मानव बेचबिखनलाई न्यूनिकरण गर्ने ।

**उद्देश्यहरूः**

१. मानव बेचबिखनविरूद्धका नीति नियम र कानुन निर्माण, संसोधन र कार्यान्वयनका लागि सहयोग र दबाव सृजना गर्ने ।
२. बेचबिखनको अवस्थाका बारेमा अध्ययन अनुसन्धान गरी अधिकारवाला र सरोकारवालाहरूलाई सूसुचित गर्ने ।
३. मानव बेचबिखनविरूद्ध, महिला अधिकार, बाल अधिकार र मानव अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरूलाई संगठित गर्दै उनीहरूको क्षमता अभिवृद्धि गर्ने ।
४. एटविनलाई प्रभावकारी स्रोत केन्द्रको रूपमा विकास गर्ने ।
५. एटविनलाई मानवीय तथा भौतिक साधन स्रोतले सम्पन्न पार्दै मानवीय स्रोतको आवश्यकताअनुसार क्षमता अभिवृद्धि गर्दै जाने ।

**आबद्ध सदस्य संस्था संख्याः ४३ (वि.स. २०८० सम्म)**

"मानव बेचबिखन विरुद्धको प्रतिबद्धता,
गरौं कार्यक्रम र बजेटमा सुनिश्चितता !"

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)
Alliance Against Trafficking in Women and Children in Nepal (AATWIN)

बबरमहल, काठमाडौं, नेपाल
पो.ब.नं. : २४९६०,
फोन नं. ५३२९७८७, ५३२०४७८
इमेल: aatwin@ntc.net.np
वेबसाइट : www.aatwin.org.np
फेसबुक : facebook.com/AATWIN.org